# मानमिन समाचार

अंक ३०  अक्टोबर २९, २०१७


# “समय र दूरीलाई माथ गर्ने शक्तिशाली कार्यहरूको प्रस्फुटन !”

## जि.सि.एन र इन्टरनेट मार्फत् प्रसारित मानमिन समर रिट्रिट २०१७



जि.सि.एन खबर

संसारभरका थुप्रै देशका मानिसहरू इन्टरनेट र जि.सि.एन मार्फत् मानमिन समर रिट्रिट २०१७ मा सहभागी हुनुभयो ।

रिट्रिट दौरान डा. जेरक लीले प्रार्थना गरिदिनु भएपछि, फिलीपिन्समा रहेको सेबु मानमिन चर्चको ४२ वर्षीया डिकनिस नाओमी एन्केरो र २७ वर्षीया बहिनी ईमानुएल जाफ्राको दृष्टि शक्तिमा सुधार भएको थियो र उभिन नसक्नुहुने १५ वर्षीय भाइ जोन लुइस एन्केरो हिँड्न थाल्नु भयो । मनिला मानमिन चर्चको ६२ वर्षीया दिदी हेलेन इस्माइल माछाको एलर्जीको कारण भएको चिलाउने समस्याबाट निको हुनु भयो ।

केन्याको नाइरोबी मानमिन होलिनेस चर्चका सदस्यहरू पनि थुप्रै रोगहरूबाट निको हुनु भएको छ । २७ वर्षीया बहिनी इबोन ओडिहसोलाई पिनासको कारण सास फेर्न समस्या भइरहेको थियो, तर डा. लीको प्रार्थनापछि, उहाँ सजिलै सास फेर्न सक्ने हुनुभयो । १९ वर्षीया बहिनी जेदिदा वानजिरु ग्यासड्रोनिया (पेटको दुखाइ) र ३४ वर्षीया बहिनी क्रिस्टल नेबुरिन टाउको र ढाड दुख्ने समस्याबाट मुक्त हुनुभएको छ ।

थाइल्याण्डमा रहेको चियाङ्ग राय मानमिन चर्चको ३३ वर्षीया बहिनी रचाट्री, कानको पछाडि भागमा रहेको नशामा भएको समस्याबाट निको हुनुभएको छ ।

डि.आर. कंगोमा रहेको किंशासा मानमिन चर्चका ६३ वर्षीय दाइ माफुतु मालाङ्गा क्रिसपिन, घुँडामा भएको पीडाको कारण राम्रोसँग हिँड्न सक्नु हुन्नथ्यो, तर रिट्रिट दौरान जि.सि.एन मार्फत् डा. लीको प्रार्थना ग्रहण गरेपछि, उहाँ राम्ररी हिँड्न सक्ने हुनुभएको छ ।

### समय र दूरीलाई माथ गर्दै संसारका हरेक कुनाहरूमा शक्तिशाली कार्यहरू प्रकट भए

बाइबलका थुप्रै खण्डहरूमा समय र दूरीलाई माथ गर्ने कार्यहरू प्रकट भएका कुराहरू उल्लेख गरिएका छन् । मत्ती ८ अध्यायमा, एक जना कप्तानले तिनको घरमा पक्षाघात भई पल्टिरहेको नोकरलाई निको पारिदिन येशूसित बिन्ती गरे । येशूले, “म आएर त्यसलाई निको पार्नेछु,” भन्नुहुँदा ती कप्तानले यसो भने “हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ । तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ ।” येशूले वचन बोलिदिनु भएको खण्डमा तिनको नोकर निको हुनेछ भन्ने विश्वासको स्वीकारोक्ति तिनले दिए । तिनको विश्वास देखेर येशूले आश्चर्य मान्दै यसो भन्नुभयो, “जाऊ, जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस् ।” तिनको नोकर त्यही घडी निको भयो ।

लाटभियामा, ३१ वर्षीया बहिनी इन्गा माउरिना जर्कजेन, भिडियो कन्फ्रेन्स प्रणाली मार्फत् मानमिन समर रिट्रिट २०१७ मा सहभागी हुनुभएको थियो । उहाँ जन्मैदेखि बहिरो हुनुहुन्थ्यो तर प्रार्थनापछि दाहिने कानद्वारा सुन्न सक्ने हुनुभयो ।

सिंगापुर मानमिन चर्चका २७ वर्षीया बहिनी क्यारोलाइन गुआन आई चेज, र ३३ वर्षीया बहिनी क्यारोल गुआन आई जेन क्रमश: श्वासप्रश्वास सम्बन्धी समस्या र घुँडा दुख्ने समस्याबाट निको हुनु भयो । साथै, नेपाल मानमिन चर्चका थुप्रै सदस्यहरू जि.सि.एन प्रसारण सेवा मार्फत् रिट्रिटमा सहभागी बन्नुहुँदा, उहाँहरू थुप्रै रोगहरूबाट निको हुनु भएको छ । यस रिट्रिट दौरान, समय र दूरीलाई माथ गर्ने शक्तिशाली कार्यहरूद्वारा संसारका हरेक कुनाका मानिसहरूले जीवित परमेश्वरलाई अनुभव गर्न सक्नुभएको छ (थप जानकारीहरू पृष्ठ ३ र ४ मा) ।

### आत्मिक संसारको अनुभव, उत्तरहरू र आशिषहरू

धेरै सहभागीहरूले आत्मिक संसार अनुभव गर्नुभएको छ, जसद्वारा उहाँहरूलाई आफ्नो हृदय परिवर्तन गर्ने मौका मिलेको छ । मलेसियाकी २२ वर्षीया बहिनी भेरोनिका फेगुलो गोह शछु शजुआन हृदयमा डर लिई अन्धकारमा जिउने गर्नु हुन्थ्यो, तर जि.सि.एन मार्फत् प्रार्थना ग्रहण गरेपछि, उहाँको डर हटेर गएको छ र उहाँ बलियो हुनु भएको छ ।

मलेसियाकी ३८ वर्षीया बहिनी फोङ्ग मिंग एन्‌ले प्रार्थना ग्रहण गर्दा आफ्नो शिरभित्र रहेको अँध्यारो छाया र कुहिरो हराएर गएको देख्नुभयो । तत्पश्चात्, उहाँमा आइरहने नकारात्मक सोचाइहरू पनि हराएर गए । मङ्गोलिया मानमिन चर्चका ४९ वर्षीय भाइ टुगुसाइहान डेमचिगले केही कुरा उहाँको कमरबाट माथि चढेर गई घाँटीबाट निस्केको महसुस गर्नुभयो । त्यसपछि, उहाँले वचनद्वारा जिउने सामर्थ्य पाउनुभयो र अहिले उहाँ सुखद खीष्टियन जीवन जिउन सक्ने हुनु भएको छ ।

अन्य धेरै जनाले पनि ठूला आशिषहरू प्राप्त गर्नुभएको छ । किंशासा मानमिन चर्चका ५९ वर्षीय डिकन अल्फानी रचिदी कायेम्बेले, समय र दूरीलाई माथ गर्ने प्रार्थना ग्रहण गर्नुभएपछि, प्रहरी योजना विभागको प्रमुखको पदमा उहाँको पदोन्नति भएको छ । उहाँ भन्नुहुन्छ, “माथिल्लो दर्जामा रहेकाहरूको हस्तक्षेपको कारण लामो समयदेखि मेरो पदोन्नति भएको थिएन । तर अब बाधा हटेको छ र यो समर रिट्रिट मार्फत् अन्ततः मैले उत्तर प्राप्त गरेको छु । म एकदमै खुशी छु !”

हामी सम्पूर्ण धन्यबाद र महिमा परमेश्वरलाई दिऔं जसले समय र दूरीलाई माथ गर्दै चङ्गाइ, परिवर्तन, आशिष् र आनन्दका कार्यहरू प्रकट गर्नु भएको छ ।

# प्रभुको आँसु



डा. जेरक ली

> "हाम्रा विश्वास शुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ" (हिब्रू १२:२)।

हृदयमा भएको अपार प्रेमको कारण येशूले धेरै आँसु बगाउनुभयो । त्यो प्रेम आत्माहरू र परमेश्वर पिताप्रति थियो । हामीले 'प्रभुको आँसु' को अर्थ बुझ्नुपर्छ र उहाँका आँसुहरूमा रहेको उहाँको अपार प्रेमलाई महसुस गर्नु पर्दछ । हामी यी आँसुहरूका तीन अर्थहरूलाई हेरौं ।

### पहिलो, उहाँका आँसुहरू आत्माहरूको मुक्तिका लागि हुन् ।

येशू यस पृथ्वीमा मुक्तिदाता बन्नको लागि आउनुभएको थियो । उहाँ परमेश्वरसित एक हुनुभएतापनि, उहाँले आफ्नो महिमालाई त्याग्नुभई मानव देह धारण गर्नुभयो । पापको कारण मृत्युको अनन्त दण्डको भागीदार भएका मानिसहरूका खातिर उहाँ तल ओर्लेर आउनुभयो । तिनीहरूलाई नरकको त्रासदेखि निकालेर सुन्दर स्वर्गमा डोऱ्याउन उहाँ आउनुभयो । उहाँले स्वर्गको बारेमा प्रचार गर्नुभयो र चिन्ह तथा आश्चर्यकर्महरू प्रकट गर्नुभयो ।

मानिसहरूको हृदयमा थोरै मात्रै भलाइ छ भने पनि तिनीहरूले येशू परमेश्वरको पुत्र र खीष्ट हुनुहुन्छ भनी महसुस गर्न सकून् भन्ने हेतुले उहाँले त्यसो गर्नु भयो । तर धेरैले उहाँलाई विश्वास गरेनन् । तिनीहरूले उहाँको विरुद्धमा शत्रुभाव राखे । उहाँलाई पागल समेत ठाने । यहाँसम्म कि येशूका आफन्तहरूले समेत येशूलाई विश्वास गर्नुभएन । उहाँहरू मानिसहरूका हल्लाहरूको पछि लाग्नु भयो र येशूलाई रोक्न खोज्नु भयो ।

शबाथ दिनमा येशूले रोगीबिरामीहरूलाई निको पार्नुहुँदा व्यवस्थाका पण्डित र फरिसीहरूले उहाँलाई दोष लगाए । उहाँले मानिसहरूबाट भूतात्माहरू धपाउनुहुँदा, भूतहरूका मालिकको सहायताद्वारा उहाँले त्यसो गर्नुभएको हो भनी तिनीहरूले उहाँको गिल्ला गरे ।

पापीहरूलाई बचाउनकै खातिर येशूले मानव देह धारण गर्नुभएको थियो, तर मानिसहरूले येशू को हुनुहुन्छ भन्ने कुरा बुझ्न सकेनन्। स्वर्गको राज्यको सुसमाचार सुन्नको लागि मानिसहरू येशूको वरिपरि जम्मा भएको देख्दा व्यवस्थाका पण्डित र शास्त्रीहरू उहाँको ईर्ष्या गर्दथे । येशूले महान् चिन्ह र आश्चर्यकर्महरू प्रकट गर्नुभएको र थुप्रै मानिसहरूले उहाँलाई पछ्याएको देख्दा फरिसी र प्रधान पूजाहारीहरूले येशूलाई मार्ने षड्यन्त्र रचे ।

येशू आफैले यस्ता दुष्ट मानिसहरूलाई देख्नुभयो, सुन्नुभयो र तिनीहरूको हृदयलाई महसुस गर्नुभयो । आँसुका साथ उहाँले परमेश्वरसित प्रार्थना गर्नुभयो । उहाँलाई पछ्याउने र ग्रहण गर्नेहरूले मात्र नभई उहाँलाई इन्कार गर्ने, उहाँको न्याय गर्ने र उहाँलाई दोष लगाउनेहरूले समेत मुक्ति पाऊन् भनी उहाँ चाहनु हुन्थ्यो । येशूको आँसु उहाँको हृदय थियो जसले आत्माहरूको मुक्ति चाहनु हुन्थ्यो ।

### दोस्रो, उहाँका आँसुहरू आत्माहरूको परिवर्तनका लागि हुन् ।

येशूको समयका थुप्रै मानिसहरूले तिनीहरूमा भएको शारीरिक सोचाइहरूका कारण आत्मिक सन्देशहरूलाई बुझ्न सकेनन् । यूहन्ना ६ अध्यायमा येशूले "स्वर्गबाट ओर्लिआएको रोटी म नै हुँ" भनी भन्नुहुँदा येशूलाई पछ्याउनेहरूमध्ये धेरैले "यो वचन कठोर छ, कसले यो सुन्न सक्तछ र ?" भनी गनगनाए र तिनीहरूमध्ये धेरैले येशूलाई छोडेर गए ।

त्यहाँ यस्ता थुप्रै व्यक्तिहरू पनि थिए जसले स्वधार्मिकता र संरचनाको कारण परमेश्वरको प्रबन्धलाई बुझ्न सकेनन् । मत्ती १५ अध्यायमा, फरिसी र शास्त्रीहरूले येशूलाई दोष लगाउनका लागि उहाँका हरेक क्रियाकलापहरूलाई नियालेर हेरिरहेका थिए । कुनै कुरा तिनीहरूको स्वधार्मिकता र संरचनासित मेल नखाँदा तिनीहरू तुरुन्तै येशूसित तर्क गरिहाल्थे । तिनीहरूलाई तिनीहरूको जिद्दीपनाको निम्ति हप्काउनुको साटो येशूले उपयुक्त भाषाशैली प्रयोग गर्नुभई तिनीहरूलाई बुझाउनुभयो । शास्त्री र फरिसीहरूलाई परमेश्वरको असल इच्छा बुझाउनको लागि येशूले उहाँको सार्वजनिक सेवकाईको दौरान विभिन्न उदाहरणहरू, उपयुक्त भाषाशैली र दृष्टान्तहरू प्रयोग गर्नुभई प्रचार गर्नुभयो ।

थपअझ, येशूले आफ्नो साथमा हुनुभएका चेलाहरूको निम्ति प्रेमका साथ प्रार्थना गरिदिनुभयो । उहाँको क्रूसीकरण पश्चात् यस पृथ्वीमा छोडिने चेलाहरूको बारेमा येशूले सोच्नुभयो र उहाँहरूले आफ्ना जिम्मेवारीहरू राम्ररी पूरा गरी आफूसित सदाको लागि स्वर्गमा बास गर्नुभएको होस् भनी उहाँ चाहनुहुन्थ्यो । उहाँले तीमध्ये हरेकको बारेमा सोच्नुभयो र उहाँहरूको हेरचाहको लागि परमेश्वरसित प्रार्थना गर्नुभयो । येशूले उहाँका चेलाहरूका निम्ति गर्नुभएको आँसु सहितको प्रार्थना चेलाहरूको निम्ति ठूलो शक्ति बन्यो ।

प्रेरित पावलले रोमी ८:३५-३७ मा भन्नुभएको छ, "कसले हामीलाई खीष्टको प्रेमबाट अलग गर्ने ? के सङ्कष्टले, अथवा दु:खले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतरले वा तरवारले ? यस्तो लेखिएको छ, 'तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेडाहरूजस्तै हामीहरू गनिएका छौं ।' होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं ।" यहूदा इस्करियोतको सट्टामा छानिनु भएको मतियास लगायत प्रभुका १२ चेलाहरूले नयाँ यरूशलेमको जगका १२ वटा पत्थरहरूमा उहाँहरूको नामहरू खोपिने सम्मान पाउनुभयो ।

### तेस्रो, प्रभुका आँसुहरूचाहिँ, परमेश्वरको महिमाका निम्ति बगाइएका आँसुहरू हुन् ।

येशू देहधारी भई यस पृथ्वीमा ओर्लिआउनुभएको समयमा, मानिसहरू परमेश्वरको खोजी गर्दैन थिए तर तिनीहरू शत्रु दियाबलस र शैतानका दासहरू बनेका थिए । केवल परमेश्वर मात्र प्रशंसाको योग्य हुनुभएतापनि, तिनीहरू अर्थहीन मूर्तिहरूलाई पुज्दथे । यद्यपि, येशूले केवल परमेश्वरलाई महिमा दिनुभएर जीवन जिउनुभयो । परमेश्वरको सर्वोच्चतालाई प्रकट गर्नुभई येशूले परमेश्वरको नाउँलाई उच्च पार्नुभयो ।

यूहन्ना ११ अध्यायमा लाजरस बिरामी परेको कुरा येशूले सुन्नुहुँदा, पद ४ मा उहाँले यसो भन्नुभयो, "यस बिरामीले मृत्युमा पुऱ्याउँदैन, तर यो परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस् ।" अन्तत: मरेको चार दिन भइसकेको लाजरसलाई येशूले पुनर्जीवित पार्नुभयो । यस कार्य मार्फत् परमेश्वरको महिमा महान् तवरले प्रकट भयो र थुप्रै मानिसहरूले येशूमा विश्वास गरे । थपअझ, उहाँले गूँगाहरूलाई बोल्न सक्ने, लुला-लङ्गडाहरूलाई हिँड्न सक्ने बनाउनुभयो र अपाङ्गता भएकाहरूलाई निको पार्नुभयो । उहाँले अन्धाहरूलाई देख्न सक्ने तुल्याउनुभयो, भूतहरू धपाउनुभयो र कुष्ठरोगीहरूलाई निको पार्नुभयो ।

मानिसहरूले परमेश्वरलाई महिमा दिन सकून् भनेर नै येशूले ती चिन्हहरू देखाउनु भएको थियो । मानिसहरूले परमेश्वर महान् हुनुहुन्छ र उहाँमा केही पनि असम्भव छैन भन्ने कुरामा विश्वास गरून् भन्ने उहाँ चाहनुहुन्थ्यो । तिनीहरूले परमेश्वर एकमात्र साँचो परमेश्वर हुनुहुन्छ भन्ने कुरा जानुन् र केवल परमेश्वरको मात्र आराधना र प्रशंसा गरून् भन्ने उहाँ चाहनुहुन्थ्यो ।

यही कारणले गर्दा हामीले येशू खीष्टको नाउँमा प्रार्थना गर्दा परमेश्वरले हामीलाई उत्तर दिनुहुन्छ । यूहन्ना १४:१३ मा येशूले भन्नुभएको छ , "तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु ।"

येशूले क्रूसमा सहनुभएको कष्ट पनि परमेश्वरको महिमाको निम्ति थियो । येशू पापीहरूको निम्ति प्रायश्चितको बलिदान बन्नुभएको खण्डमा मात्र अनगिन्ती आत्माहरूले क्षमा पाउन र परमेश्वरको सन्तान बन्न सक्थे । येशू मर्नुहुँदा उहाँले असंख्य सन्तानहरू प्राप्त गर्नुभएपछि परमेश्वर कति खुशी हुनुहुनेछ भनी सोच्नुभयो । येशू पक्राउ पर्नु अघिको रात उहाँले परमेश्वरमा गर्नु भएको प्रार्थनामा येशूको यस्तो हृदय उल्लेख गरिएको छ । यूहन्ना १७:४-५ मा येशूले यसो भनी प्रार्थना गर्नुभयो, "जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु । अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस् ।"

तपाईंले यहाँ देख्न सक्नुहुन्छ कि येशू केवल परमेश्वरको महिमाको निम्ति जिउनुभयो र परमेश्वरको महिमाको निम्ति मर्नुभयो । उहाँले यस पृथ्वीमा जिउनु हुँदा धेरै आँसुहरू बगाउनुभयो, उहाँको आँसुका फलहरू धेरै छन् । धेरै जना मानिसहरू परमेश्वरका सन्तानहरूको रूपमा अघि आइरहनुभएको छ र उहाँहरूद्वारा परमेश्वर सँधैंभरि महिमित बन्नुभएको छ र बनिरहनु हुनेछ ।

खीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, प्रभुले बगाउनुभएको आँसुचाहिँ प्रेमको आँसु हो र यो आत्माहरूको निम्ति उहाँको बलिदानको प्रमाण हो । तपाईंहरू प्रभुको आँसुका फलहरू हुनुहुन्छ (भजनसंग्रह १२६:५-६) । तपाईंहरूले असल र सुन्दर फलहरू फलाउनुभएर परमेश्वरको महिमा गर्नुभएको होस् भनी म प्रभुको नाउँमा प्रार्थना गर्दछु ।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

मानमिन समाचार
Nepali
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन

## “नेपालमा भएतापनि, हामीले रिट्रिट भएकै स्थानमा भएको जस्तै महसुस गऱ्यौं, र चङ्गाइ र आशिषहरू प्राप्त गऱ्यौं !”


साक्षीहरू

नेपाल मानमिन चर्चका सदस्यहरू जि.सि.एन. को प्रत्यक्ष प्रसारण सेवा मार्फत् मानमिन समर रिट्रिटमा सहभागी हुनुभएको थियो । उहाँहरूले समय र दूरीलाई माथ गर्ने पवित्र आत्माका अद्भुत कार्यहरू अनुभव गर्नुभयो ।

५२ वर्षीय दाई सानु लामा अत्याधिक टाउको दुखाइबाट मुक्त हुनुभयो र उहाँ आनन्दित हुनुभयो । २८ वर्षीया बहिनी रिता भुजेल चोटग्रस्त देब्रे खुट्टाको पीडाबाट मुक्त हुनुभयो र १४ वर्षीय भाई रमजी सुनार महिना दिनदेखि देब्रो खुट्टाको गोलिगाठ्ठोमा भइरहेको पीडाबाट मुक्त हुनुभयो । अहिले उहाँ चर्च आउन मन पराउनुहुन्छ । उहाँले *क्रूसको सन्देश* पढ्नु हुँदा परमेश्वरको बारेमा जान्न सक्नु भयो भनी गवाही दिनुभयो ।

२९ बर्षीया बहिनी देबोरा चौधरीलाई छातीमा भएको पीडाको कारण सास फेर्न र हिँड्न गाह्रो हुन्थ्यो, तर प्रार्थना पछि पीडा हराएर गयो र उहाँ राम्ररी हिँड्न सक्ने हुनुभयो साथै पहिलेदेखिको पाचनक्रियाको समस्या पनि हराएर गयो । ४३ वर्षीया दिदी हन्ना सुनारलाई थाइराईडको कारण सास फर्ने गाह्रो हुन्थ्यो र उहाँलाई बाथ पनि भएकोले गर्दा कहिलेकाहीँ शरीरभरि पीडा हुने गर्दथ्यो । प्रार्थना ग्रहण गरेपछि पीडा हराएर गयो र सास फेर्दा हुने समस्या पनि हराएर गयो ।

३९ वर्षीया डिकनिस ज्योति महर्जनको दाहिने नली खुट्टा र पैतालामा पीडा भएको कारण हिँड्नमा समस्या थियो । तर प्रार्थना पश्चात् सबै पीडाहरू हराएर गए र उहाँ सजिलै हिँड्डूल गर्न सक्ने हुनुभयो । ८४ वर्षीय बुवा आइते सिंग वाइबाका खुट्टाहरू सुन्निने र छ महिनादेखि ओठ र मुख सुक्ने समस्याबाट पीडित हुनुहुन्थ्यो, तर प्रार्थना पछि सुजन कम हुँदै गयो र ओठ र मुख सुख्खा हुन छाडे ।

५७ वर्षीया दिदी नम्रता बोगटीको दुवै आँखाको दृष्टि शक्ति कमजोर थियो र १५ वर्षदेखि नाक बन्द हुने समस्याबाट गुज्रिरहनु भएको थियो । तर प्रार्थना पछि उहाँको दृष्टि शक्तिमा सुधार आयो र नाक बन्द हुने समस्याबाट छुटकारा पाउनुभयो ।

१० वर्षीया बहिनी नेहा थापा मगर देब्रे कान र कानको लोतीमा पोलाइको कारण भएको पीडाबाट मुक्त हुनुभयो ; १४ वर्षीया बहिनी सुदिक्षा राई दाँतको दुखाइबाट, ३९ वर्षीया बहिनी कान्छमाया रुम्बा आँखा दुख्ने समस्याबाट र ४९ बर्षीया दिदी हिरा के.सी मुखमा भएको पीडाबाट मुक्त हुनुभएको थियो ।

३३ वर्षीया बहिनी अस्मिता सिलवालको जीवित परमेश्वरप्रतिको विश्वास अझ दृढ भयो र उहाँको श्रीमान्मा विश्राम दिन पालना गर्न सक्ने विश्वास आयो । उहाँकी आमा सीता सेन ठूलो रूखबाट खस्नुभई उहाँका करङहरू र स्टर्नम (करङ र कुमलाई जोड्ने एक प्रकारको कुरकुरे हाड) मा चोट लागेको थियो । उहाँ अस्पतालमा भर्ना हुनुभएको थियो तर प्रार्थनापछि, उहाँको अवस्थामा सुधार भयो र पाँच दिनपछि उहाँ अस्पतालबाट निस्की आउन सक्नुभयो । उहाँ रिट्रिटमा सहभागी हुनुभयो र उहाँको पीडा आश्चर्यजनक ढंगले हराएर गयो र उहाँ लम्पसार परेर सुत्न सक्ने हुनुभयो ।

४७ वर्षीय दाई राम बाहादुर रुम्बालाई उहाँकी श्रीमतीले क्याम्प फायरको स्तुति प्रशंसामा सहभागी हुन कर लगाउनु भएको थियो र त्यहाँ उहाँले ठूलो अनुग्रह प्राप्त गर्नुभयो । पवित्र आत्माको भरपूरीमा स्वर्गमा पुगे जस्तै महसुस भएको र घरै जान मन नलागेको गवाही उहाँले दिनुभयो । ४७ वर्षीया दिदी कुन्ती मगर दु:ख र पीडामा हुनुहुन्थ्यो, तर डा. लीलाई भेट्नु भएर परमेश्वरको इच्छा बुझ्नु भएपछि उहाँको जीवन परिवर्तन भयो । ३९ वर्षीया बहिनी निम्धनी राईले, ‘उदेकको अनुग्रह’ ‘Amazing Grace’ गीत गाँउदा पहिलो पटक पश्चात्तापको अनुग्रह पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

१९ वर्षीय भाई अमन श्रेष्ठ, क्याम्प फायरको स्तुति प्रशंसामा अगुवाइ गरिरहनु भएको गोठालोको प्रेमद्वारा प्रभावित हुनुभयो । उहाँ विश्वासले भरिनुभयो र आफूलाई परिवर्तन गर्ने संकल्प गर्नुभयो । ३२ वर्षीया बहिनी सरिता लो, नेपाल मानमिन चर्चमा आउनु अघि उहाँको जीवनमा धेरै समस्याहरू थिए । उहाँले भन्नुभयो, “पैसाको अभावले गर्दा म भोकभोकै बस्नु पर्ने हुन्थ्यो, तर चर्च जान थाले पछि मैले आशिष् पाएँ र अहिले हामीलाई खान लाउन पुगेको छ र मैले आफ्ना छोराछोरीहरूलाई विद्यालय समेत पठाउन सकेकी छु । थपअझ, रिट्रिट दौरान प्रार्थना ग्रहण गरेपछि मेरो पहिलेदेखिको पेट दुख्ने समस्या पनि हटेर गएको छ ।”

## तापक्रम २५ देखि २६ डिग्री सेल्सियससम्म कायम रह्यो र जापानी सदस्यहरू समुद्री आँधीबाट सुरक्षित हुनुभयो




२०१७ साल अगष्ट ६, रिट्रिटको अघिल्लो दिन, सिनियर पास्टर डा. जेरक लीले रिट्रिटको अवधिभरि तपाक्रम २५ वा २६ डिग्री सेल्सियस हुनेछ भनी घोषणा गर्नुभएको थियो । उहाँले भन्नुभए अनुसारनै, रिट्रिट स्थल डेग्युसान रिसोर्ट, मुजूको तापक्रम २५ देखि २६ डिग्री सेल्सियस कायम रह्यो । तापक्रम नियन्त्रणको यस आश्चर्यकर्म समुद्रपारिका शाखाहरूमा पनि देखा पऱ्यो र चर्चका सदस्यहरूले आत्मिक क्षेत्र अनुभव गर्नुभयो ।

मंगोलिया मानमिन चर्चका सदस्यहरूले जि.सि.एन को प्रत्यक्ष प्रसारण सेवा मार्फत रिट्रिटमा सहभागी हुनुहुँदा त्यहाँ वरिपरिको तापक्रम २५ देखि २६ डिग्री सेल्सियस रहेको थियो । मादुराइको तापक्रम ३२ डिग्री सेल्सियस थियो तर रिट्रिटभन्दा अघिल्लो दिनमा त्यहाँ पानी परेकोले गर्दा मादुराइ मानमिन चर्चका सदस्यहरू रिट्रटको निम्ति भेला हुनुहुँदा त्यहाँको तापक्रम झरेर २६ डिग्री भएको थियो । क्याम्प फायरको स्तुति प्रशंसा दौरान चिसो हावा बहन थाल्यो र तापक्रम २६ डिग्रीमा स्थिर रह्यो । डि.आर कंगोमा रहेको किंशासा मानमिन चर्चका सदस्यहरूले जि.सि.एन मार्फत् रिट्रटको रेकर्ड गरिएको भिडियो हेर्नुभएको थियो (माथिल्लो तस्वीर) । प्राय जसो त्यहाँको तापक्रम ३० देखि ३३ डिग्री सेल्सियस हुने गर्दथ्यो, तर उहाँहरूले क्याम्प फायरको स्तुति प्रशंसा हेरिरहनुहुँदा त्यहाँको तापक्रम २५ डिग्री थियो । संसारभरि रहनुभएका मानमिनका थुप्रै सदस्यहरूले तापक्रम नियन्त्रण भएको घटनालाई अनुभव गर्नुभएको थियो ।

रिट्रिट भन्दा केही दिन अघि, जापानमा रहनुभएका सदस्यहरूले समुद्री आँधी नोरुको बारेमा सुन्नुभयो, त्यो आँधी त्यस ऋतुको पाँचौं आँधी थियो र त्यो अगष्ट ६ मा क्योसुमा आउनेछ र अगष्ट ७ मा टोकियोतिर अघि बढ्नेछ भनी पूर्वानुमान गरिएको थियो । उहाँहरूले मुख्य चर्चमा प्रार्थनाको निम्ति अनुरोध पठाउनु भयो । अक्टोबर ६ तारिखको आइतबार बिहानीको आराधना सेवा दौरान डा. लीले उहाँहरू कोरिया आउन सक्नु भएको होस् भनी प्रार्थना गरिदिनुभयो । त्यसपछि, त्यस समुद्री आँधीको शक्ति क्षीण भयो र त्यो तत्कालै हराएर गयो । उहाँहरू सजिलै कोरिया आउन सक्नु भयो । पाष्टर र सदस्यहरू सहित ४७ जनाले एकपटक फेरि पवित्र आत्माको शक्ति अनुभव गर्न सक्नुभयो ।

## “जि.सि.एन मार्फत् प्रार्थना ग्रहण गरे पछि, मैले निको भएको सपना देखैं र स्वस्थ भएँ !”



भारतको चेन्नाई मानमिन चर्चको ४५ वर्षीया डिकनिस मारिया, प्राय जसो विरामी परिरहनुहुन्थ्यो र उहाँको शरीर तात्ने गर्दथ्यो । विगतको दुई वर्षदेखि घुँडाको बाथको कारण कसैले उहाँको घुँडा छुँदा मात्र पनि उहाँलाई पीडा हुने गर्दथ्यो । यस वर्ष, उहाँ जि.सि.एन. को प्रत्यक्ष प्रसार सेवा मार्फत् रिट्रिटमा सहभागी हुनुभयो । डा. लीको प्रार्थना ग्रहण गने समयमा उहाँले कसैले उहाँमाथि तीन पटक चिसो पानी खनाई दिएको महसुस गर्नुभयो । उहाँले आफ्नो शरीर र हृदयमा शीतल महसुस गर्नुभयो ।

घरमा आएपछि, उहाँ सुत्न जानुभयो र त्यस रात उहाँले रहस्यमय सपना देख्नुभयो । उहाँ पानीमा हुनुहुन्थ्यो, तर अचानक पानी हराएर गयो । उहाँको तल्लो पेटबाट एउटा बिरालो र माथिल्लो पेटबाट एउटा चमेरो निस्केको उहाँले देख्नुभयो । त्यसपछि, एउटा ठूलो बाघ उहाँको छातीबाट बाहिर निस्किआयो र “मलाई तिम्रो आवश्यकता छ” भनी भन्यो । त्यसपछि, एकजना कोरियन महिलाले, “मारिया प्रभुको रगतको मूल्यद्वारा बचाइनुभएको छ” भनी भन्नुभयो । शुरुमा त त्यो बाघ एकदमै रिसाएको थियो, तर त्यस महिलाले मारिया गोठालोको भेडा हुनुहुन्छ भनी भन्नुभएपछि त्यो बाघ भाग्यो । त्यसपछि, उहाँको शरीरबाट सबै पीडाहरू हराएर गए र उहाँ घुँडाको बाथ रोगबाट पनि निको हुनु भयो । उहाँ स्वस्थ हुनुभएको छ ।



चियाङ्ग राई मानमिन चर्चको १९ वर्षीया बहिनी बुचरलाई रिट्रिट भन्दा अघि तीन हप्तासम्म एकदमै पेट दुखेको थियो । अस्पतालमा जचाउँदा उहाँको एपेन्डिक्स फुटेको र त्यसले गर्दा पेरिटोनेटिस (ब्याक्टेरिया वा फन्गसको कारण पेटको झिल्लीमा भएको संक्रमण) भएको थाहा पाउनुभयो । उहाँको शल्यक्रिया गरियो तर घाउमा संक्रमण भयो जसले गर्दा पीप जमेर सुन्निन थाल्यो ।

जि.सि.एन मार्फत् उहाँ रिट्रिटमा सहभागी हुनुभयो र प्रार्थना ग्रहण गर्नुभयो । त्यस रात, उहाँले डा. लीले उहाँको शिरमा हात राख्नु भएको सपना देख्नुभयो । उहाँ आफू निको भएको कुरामा निश्चित हुनुभयो र मेडिकल परीक्षणको रिपोर्टले त्यो जमेको पीप निको भएको देखायो ।



## “२५ वर्षदेखिको मधुमेह र त्यसका जटिलताहरूबाट म निको भएँ !”

डिकनिस रेबिका, वर्ष ४७, चेन्नाई मनमिन चर्च, भारत



तीन वर्ष पहिले, उच्च रक्तचाप र मधुमेहको जटिलताको कारण म सीधा खडा हुन सक्दिनथेँ । मेरो रगतमा चिनीको मात्रा ६०० भन्दा माथि गइसकेको थियो । म अस्पतालमा भर्ना भएको थिएँ । मेरो अवस्था झन्-झन् खराब हुँदै गयो र मलाई एक प्रकारको दुर्लभ रोग लाग्यो जसले मेरो दाहिने आँखाको लेन्सलाई बिगाऱ्यो र अन्ततः मैले आँखाको दृष्टि गुमाए ।

तथापि, आराधना सेवाहरू दौरान जि.सि.एन मार्फत् मैले सिनियर पास्टर डा. जेरक लीको प्रार्थना ग्रहण गरेँ र लक्षणहरूमा सुधार आउन थाल्यो । पास्टर जोसेफ हान, मेरो चर्च र परिवारका सदस्यहरूले मेरो निम्ति अन्तर्विन्तीका प्रार्थना चढाउनुभयो र मेरो स्वास्थ्यमा सुधार हुन थाल्यो ।

त्यसैसमय, सन् २०१७ को जुलाईमा, रिट्रिट अघि मैले एक दिनको उपवास बसेँ र पूर्ण चङ्गाइ प्राप्त गर्नको लागि प्रार्थना गरेँ । तर, रगतमा चिनीको मात्रा झन् बढ्यो र वाकवाक लाग्ने भएकोले गर्दा तीन हप्तासम्म म राम्री निदाउन सकिन । म हिँड्न समेत सक्दिनथेँ । यद्यपि, परमेश्वरले मेरो प्रार्थनाको उत्तर दिनुहुनेछ भन्ने मलाई विश्वास थियो र मैले यसलाई जित्न सकेँ !

मेरो दोस्रो छोराले विशेष दानियल प्रार्थनामा सहभागी भई उपहार स्वरूप मानमिन समर रिट्रिटमा सहभागी हुन वर्ल्ड गाइडेन्स पास्टर रेभ. हिसन लीबाट निमन्त्रणा पाएकोले गर्दा, ऊ मानमिन समर रिट्रिटमा सहभागी हुन सक्यो ।

अगष्ट ६, आइतबारको दिन बिहान, उसले कोरियामा सिनियर पास्टरबाट प्रार्थना ग्रहण गऱ्यो । त्यही क्षण, यता भारतमा मेरो जीवनमा आश्चर्यजनक घटना हुन गयो । अचानक मेरो शरीरमा शक्तिआयो र म हिँड्डूल गर्न सकेँ । मेरो शरीर बन्धन मुक्त भएको र हलुको भएको मैले महसुस गरेँ । मैले सामर्थ्य पाएँ र चर्च गए । त्यस रात, मैले स्वयम्सेवकको रूपमा *मानमिन समाचार* तामिल भाषामा पठाउने काम पनि गरेँ ।

अगष्ट ७, रिट्रिटको पहिलो दिनमा, मैले जि.सि.एन को प्रत्यक्ष प्रसारण सेवा मार्फत् सिनियर पास्टरको प्रार्थना ग्रहण गरेँ । त्यसपछि, मैले केही कुरा मेरो पेटबाट बाहिर निस्केको महसुस गरेँ । तत्पश्चात्, सबै पीडाहरू हराएर गए र म पवित्र आत्माद्वारा भरिएँ । घरमा फर्किएपछि, म राम्री सुतेँ । हाल्लेलूयाह !

२५ वर्षदेखि मलाई सताइरहेको मधुमेहबाट म निको भएँ । मैले नयाँ जन्म पाएको अनुभव गरेँ । मलाई उत्तर र आशिष्हरूको मार्गमा डोऱ्याउनु भएको र मेरा सबै समस्याहरू समाधान गरिदिनुभएको निम्ति म प्रेमको परमेश्वरलाई धन्यवाद दिँदछु ।



## “दौडन सक्ने भएकोमा म एकदमै खुशी छु !”

भाइ दानियल ब्रेन, वर्ष १८, नाइरोबी मानमिन होलिनेस चर्च, केन्या



बाल्यावस्था देखिनै ममा मुटुको समस्या थियो । चाँडै हिँड्दा वा दौडदाँ मलाई पीडा हुँदथ्यो । म इच्छानुसार चाँडै हिँड्न र दौडन सक्दिनथेँ । यद्यपि, अगष्ट ७ मा जि.सि.एन मार्फत् सन् २०१७ सालको रिट्रिटमा सहभागी भएपछि मेरो अवस्थामा परिवर्तन आउन थाल्यो ।

सिनियर पास्टरले सेमिनारमा वचनको भाग सिद्धयाउनु भएपछि, पश्चात्तापको तयारी गर्न गीतहरू गाइयो र त्यसपछि प्रार्थना गरियो । विश्वासी भएर पनि पश्चात्ताप गर्दै फेरि त्यही पापलाई दोहोऱ्याएकोमा मैले पूर्ण रूपमा पश्चात्ताप गरेँ । साथै मैले मेरो अहंकार, स्व-केन्द्रित कार्यहरू र खराब भावनाहरूको निम्ति पनि पश्चात्ताप गरें ।

त्यसपछि, सिनियर पास्टरले हाम्रो निम्ति प्रार्थना गरिदिनुभयो । उहाँले प्रार्थना गरिरहनुहुँदा, मेरा खुट्टाहरू काँप्न थाले र केही कुरा मेरा खुट्टाहरूबाट बाहिर निस्किँदै गरेको मैले महसुस गरेँ । त्यपछि, मैले बन्धन मुक्त भएको र राम्रो महसुस गरेँ ।

अर्को दिन, म रिट्रिटको लागि चर्च गएँ, मौसम एकदमै शीतल थियो । अचानक, मलाई दौडन मन लाग्यो र म दौडन थालेँ । आश्चर्यजनक रुपमा मलाई मेरो छातीमा कुनै पीडा महसुस नै भएन ! म एकदमै छक्क परेँ र छिटो-छिटो हिँड्न प्रयास गरेँ । अझ पनि कुनै पीडा नै भएन । मलाई सताइ रहेको छाती दुख्ने समस्याबाट म मुक्त भएँ । हाल्लेलूयाह !

परमेश्वरको वचन अनुसार नजिएर बारम्बार पापहरू गरिरहेको भएतापनि मलाई पश्चात्तापको अनुग्रह दिनुभएको, निको पार्नुभएको र परिवर्तन गर्नुभएको निम्ति म परमेश्वरलाई धन्यवाद दिँदछु ।



## “मेरुदण्ड बाँगिएर पाँच वर्षदेखि भोग्दै आएको समस्याबाट म तुरुन्तै निको भएँ !”

बहिनी जोसेफाइन एडोरेबल, वर्ष २६, मनिला मानमिन चर्च, फिलीपिन्स



मेरुदण्ड बाँगिएकोले गर्दा गत पाँच वर्षदेखि मेरो ढाडमा एकदमै पीडा हुने गर्दथ्यो, लामो समयसम्म बस्दा वा उभिँदा मलाई पीडा हुन्थ्यो । विशेषगरी कार्यस्थलमा, लामो समयसम्म बसिरहनु पर्ने भएकोले गर्दा एकदमै असह्य पीडा हुने गर्दथ्यो । ढाडमा एकदमै तनाव महसुस हुने भएकोले गर्दा, तनाव हटाउन म अक्सर ढाडमा मुक्का हिर्काउने, ढाडलाई दाँयाबाँया मोड्ने वा बस्ने आसन परिवर्तन गर्ने गर्दथेँ । प्रभुप्रतिको विश्वासद्वारा म यसबाट निको हुन चाहन्थे । मैले परमेश्वरमा प्रार्थना गरेँ र औषधि सेवन गरिनँ, अनि अस्पतालमा उपचार पनि गराइनँ ।

यो समस्याको कारणले गर्दा पनि मैलै २०१७ सालको समर रिट्रिटको हार्दिक चाहना गरिरहेको थिएँ । पहिलो दिन, म आफ्ना चर्चका सदस्यहरूसित जि.सि.एन मार्फत् रिट्रिटमा सहभागी हुन चर्च गएँ । म एकदमै खुशी भएँ र आशाले भरिएँ ।

जब सिनियर पास्टरले सेमिनारपछि बिरामीहरूका निम्ति प्रार्थना गरिदिनुभयो, तब मैले मेरो ढाडमा कोमल स्पर्श महसुस गरेँ र आराम महसुस गरेँ । तत्पश्चात्, मेरो ढाडको पीडा हराएर गयो । थपअझ, रिट्रिटको अंग्रेजी प्रसारणलाई तागालोग भाषामा अनुवाद गर्न म चार घण्टाभन्दा बढी बस्नु परेको थियो, तर मलाई कुनै समस्या भएन ।

म सम्पूर्ण धन्यवाद प्रभुलाई दिँदछु जसले मलाई असल परमेश्वरसित भेट्न दिनुभयो, चङ्गाइ दिनुभयो र उत्तरहरू दिनुभयो ।

एक्स-रे




प्रार्थना अघि,
मेरुदण्ड ५ डिग्रीले बाँगिएको